नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आर्थिक प्रशासन शाखा

पत्र संख्याः २०८०।८१/1 आर्थिक (बेरुजु)
चलानी नं. 232

पान नं. | २ | ० | १ | ३ | ६ | ७ | ० | ५ | २ |

मितिः२०८१।०२।११

संलग्न विवरणमा उल्लेखित कार्यालयहरु सबै ।

विषयः गोष्टी संचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८१।०२।२० देखि २२ सम्म वित्तीय व्यवस्थापन सम्बन्धी गोष्टी हुने व्यहोरा र तत् सम्बन्धि त्यहाँबाट गर्नुपर्ने तयारीका विषयमा यस मन्त्रालयको च.नं. २२२ मिति २०८१।०१।३१ को पत्रबाट जानकारी गराइएकै छ । उक्त गोष्टी देहायको मिति, स्थान र समयमा हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

गोष्टि सञ्चालन हुने मिति, समय र स्थान
मिति २०८१।०२।२० देखि २२ सम्म
समयः विहान ८ बजे देखि बेलुका ५:३० बजे सम्म
स्थानः अल्फा हाउस, बुद्धनगर, काठमाण्डौं ।

**केहि थप बुझ्नु परेमाः**
**सम्पर्क कर्मचारी**
लेखा अधिकृत शालिग्राम चौधरी ९८५२८५११०१
लेखापाल खेमनाथ आचार्य ९८४१५००३७८
(नोटः आ.व. २०७९।०८० को अन्तिम लेखापरीक्षण (म.ले.प) प्रतिवेदन लिई आउने) ।

शालिग्राम चौधरी
लेखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, स्वा.तथा ज.सं. मन्त्रालय (यस पत्रलाई मन्त्रालयको Website मा राखिदिनुहुन)

(४।४)

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

पत्र संख्याः २०८०।८१/१ आर्थिक
चलानी नं. २२२

पान नं. २०१३६७०५२

मितिः२०८१।०१।३१

संलग्न विवरणमा उल्लेखित कार्यालयहरु सबै ।

विषयः गोष्टीमा सहभागि हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार देहायको मिति र स्थानमा वित्तीय व्यवस्थापन तथा बेरुजु फछ्यौंट सम्बन्धी तीन दिने गोष्टी संचालन हुने भएकोले संलग्न विवरण अनुसारका उल्लेखित कार्यालय प्रमुख र लेखा प्रमुखको अनिवार्य सहभागिताका लागि मिति २०८१।०१।३० को सचिवस्तरको निर्णयानुसार अनुरोध छ । सहभागि हुन आउदा देहाय बमोजिम तयारी गरि आउनुहुन समेत अनुरोध छ ।

१. आर्थिक वर्ष २०६०।६१ देखि आ.व ०७८।७९ सम्मको बर्गिकरण गर्न बाँकी रहेको लगति बेरुजुको संलग्न ढाँचामा बेरुजु वर्गीकरण तयार गरी साथमा लिएर आउने,
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम बेरुजु फछ्यौंटका लागि निम्नानुसार निर्णय प्रस्ताव तयार गरेर ल्याउने ,

**क अनियमित बेरुजुको सम्बन्धमा**

१ प्रस्ताव तयार गर्दा एक आर्थिक वर्षको लागि एउटा हाल प्रचलनमा रहेको ढाँचाको टिप्पणी फायलमा प्रस्ताव तयार गरी ल्याउने,

२ प्रस्ताव तयार गर्दा विनियोजन तर्फ भए आर्थिक वर्ष, बजेट उपशिर्षक र राजस्व /धरौटी/अन्य कोष तर्फको भए सोही व्यहोरा खुलेको वा देखिने वेरुजु प्रतिवेदन समेत कागजातमा संलग्न गर्ने,

३ निर्णय प्रस्तावमा कायम भएको बेरुजुको व्यहोरा उल्लेख गर्ने,

४ बेरुजु फछ्यौंट तथा फरफारख हुनु पर्ने सम्बन्धमा पर्याप्त पुष्ट्याई तथा कारण उल्लेख गर्ने गरी कार्यालय प्रमुखले समेत आफ्नो धारणा तथा राय राखे,

५ सम्भव भएसम्म बेरुजु फछ्यौंट हुनु पर्ने कुरालाई प्रमाणित गर्ने कागजातहरु संलग्न गरी सोको पंजिका बनाई फायलसाथ संलग्न गर्ने,

**ख प्रमाण पेश नभएको बेरुजुको सम्बन्धमा**

१ निर्णय प्रस्तावमा कायम भएको बेरुजुको व्यहोरा उल्लेख गर्ने,

२ बेरुजुमा उल्लेख भएका वा हाल फछ्यौटका लागि जुटाईएका प्रमाणहरु कुन कुन हुन् उक्त व्यहोरा रायमा उल्लेख गर्ने,

३ प्रमाणहरुको पंजिका बनाई सिलसिलेवार रुपमा सक्कल प्रमाणहरु फायलसाथ राखे,

४ प्रमाणहरुमा महत्वपूर्ण कुरा/रकम खुल्ने व्यहोरा हाईलाइट गरी राखे,

3/4

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

पत्र संख्याः २०८०।८१/१ आर्थिक

चलानी नं. 222

पान नं. २०१३६७०५२

**ग पेश्की बेरुजुको सम्बन्धमा**

१ निर्णय प्रस्तावमा कायम भएको बेरुजुको व्यहोरा उल्लेख गर्ने,

२ बेरुजुमा उल्लेख भएका वा पेश्की फछ्यौटका लागि जुटाईएका प्रमाणहरु कुन कुन हुन् उक्त व्यहोरा रायमा उल्लेख गर्ने,

३ पेश्की फछ्योँट गर्दा तयार गरिएको गोश्वारा भौचर , बैंक नगदि किताब, बजेट सिट, पेश्कीको लेजर र सो कारोबार रकम लाई प्रमाणित गर्ने विल भर्पाई र ती विल भर्पाईको जोडजम्मा भएको विवरण वा पंजिका बनाई प्रमाणित गरि संलग्न गर्ने,

४ कागजातहरुको पंजिका तयार गरी सिलसिलेबार रुपमा फायलमा संलग्न गर्ने,

**घ असुल गर्ने बेरुजुको सम्बन्धमा**

१ निर्णय प्रस्तावमा कायम भएको बेरुजुको व्यहोरा उल्लेख गर्ने,

२ रकम जम्मा भएको बैंक भौचर (RMIS) बाट सृजित भौचर राख्ने,

३ रकम आम्दानी जनाएको गोश्वारा भौचर र राजश्व आम्दानी देखिने मासिक फाँटबारी राख्ने,

४ असुल भएका कागजातहरुको पंजिका तयार गरी सिलसिलेवार रुपमा फायल साथ संलग्न गर्न

<u>गोष्ठि सञ्चालन हुने मिति र स्थान</u>

मिति २०८१ जेठ २०,२१,२२ सम्म

स्थान : काठमाण्डौ

सम्पर्क कर्मचारी

लेखा अधिकृत शालिग्राम चौधरी ९८५२८५११०१

लेखापाल खेमनाथ आचार्य ९८४१५००३७८

नोटः सहभागिको दैनिक भ्रमण भत्ता यस मन्त्रालयबाट भुक्तानी नहुने व्यहोरा अनुरोध छ ।

(समय र स्थान पछि जानकारी गराईनेछ )

शालिग्राम चौधरी

लेखा अधिकृत

# नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## सहभागि हुने कार्यालयहरु तथा कर्मचारी सख्याको विवरण

| सि.न. | कार्यालय वा निकायको नाम | सख्या | क्र.स | कार्यालय वा निकायको नाम | सख्या |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा जनसख्या मन्त्रालय | १० | २१ | राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौ | २ |
| २ | स्वास्थ्य सेवा विभाग | २ | २२ | कोशी अंचल अस्पताल, मोरङ | २ |
| ३ | प्राकृतिक चिकित्सा तथा आयूर्वेद विभाग | २ | २३ | नारायणी अस्पताल, पर्सा विरगंज | २ |
| ४ | राष्ट्रिय स्वास्थ्य तथा सूचना केन्द्र | २ | २४ | भरतपुर अस्पताल, चितवन | २ |
| ५ | राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र | २ | २५ | वि.पी.कोईराला मे.क्यानसर अस्पताल, भरतपुर | २ |
| ६ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | २ | २६ | भेरी (अंचल) अस्पताल, बाँके | २ |
| ७ | औषधी व्यवस्था विभाग | २ | २७ | शुसिल कोइराला प्रखर क्यान्सर अस्पताल,बाँके | २ |
| ८ | वि.पी.कोइराला स्वा.विज्ञान प्रतिष्ठान, धरान | २ | २८ | डडेल्धुरा अस्पताल,डडेल्धुरा | २ |
| ९ | चि.वि.रा.प्र. वीर अस्पताल, महाबौद्ध | २ | २९ | भक्तपुर क्यान्सर अस्पताल | २ |
| १० | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | २ | ३० | राष्ट्रिय आयुर्वेद अनुसन्धान तालिम केन्द्र,किर्तिपुर | २ |
| ११ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की पोखरा | २ | ३१ | सिंहदरबार वैद्यखाना विकास समिति,अनामनगर | २ |
| १२ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | २ | ३२ | स्वास्थ्य करकोष सचिवालय | २ |
| १३ | रामराजा प्रसाद सिंह स्वा.वि.प्रतिष्ठन | २ | ३३ | स्वास्थ्य बीमा बोर्ड, बबरमहल | २ |
| १४ | रासी स्वास्थ्य विज्ञान प्रतिष्ठन, घोराई दाङ | २ | ३४ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, रामशाहपथ | २ |
| १५ | आयुर्वेद चिकित्सालय, नरदेवी | २ | ३५ | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी | २ |
| १६ | कान्ति बाल अस्पताल, महाराजंग | २ | ३६ | मानसिक अस्पताल,पाटन | २ |
| १७ | परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथलि | २ | ३७ | गजेन्द्र नारायण सिंह अस्पताल, ससरी | २ |
| १८ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल,टेकु | २ | ३८ | जि.पी.कोईराला राष्ट्रिय रा.स्वा.प्र.केन्द्र, तनहुँ | २ |
| १९ | मानसिक अस्पताल,पाटन | २ | | जम्मा | ३६ |
| | जम्मा | ४६ | | अ ल्या | ४६ |
| | कुल जम्मा | | | | ८२ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ

..........................कार्यालय

बेरुजुको वर्गीकरण विवरण

आर्थिक वर्ष ०८०।०८१

| क स | आर्थिक वर्ष | बेरुजुको किसिम र रकम | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | असुल | नियमित | प्रमाण पेश गर्न | पेश्की | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| ठ | कुल जम्मा | | | | | |

प्रत्येक आ व को वर्गीकरण गरी यो फारम तयार गर्नु पर्ने छ ।

आवश्यकता अनुसार रो थप गरी बेरुजु भएका सबै आ व को विवरण समावेस गर्नुपर्ने छ ।

कार्यालय प्रमुख

लेखा प्रमुख